"हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग
कोशी प्रदेश, नेपाल

प.स. ८०।८१
च.नं.: १००० (१)

मिति :२०८१।०२।२०

विषय : सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदान सम्बन्धमा ।

श्री सबै सामुदायिक सिकाइ केन्द्रहरु,
विराटनगर, मोरङ ।

प्रस्तुत विषयमा यस महानगरपालिका अन्तरगतका सामुदायिक सिकाइ केन्द्रहरुले तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो सूचना प्रकासन भएको मितिले ७ दिन भित्र आर्थिक वर्ष २०८०/०८१ को लागि केन्द्र सञ्चालन अनुदान निकासा माग गर्नु हुन अनुरोध छ । सामुदायिक सिकाइ केन्द्रहरुबाट तोकिएको समय भित्र अनुदानका लागि माग निवेदन नआएमा वा तोकिएको समयभन्दा ढिलो गरी प्राप्त हुने निवेदन उपर निकासासम्बन्धी कारवाही नबढाइने व्यहोरा समेत यसै पत्र मार्फत जानकारी गराइन्छ ।

..........................
राजेन्द्र पराजुली
प्रमुख प्रशासकीय अधिकृत

संलग्न गर्नु पर्ने कागजातहरु

१.विधान बमोजिम वार्षिक साधारण सभा भएको प्रमाणित अभिलेख (सञ्चालक समितिको नामावली, साधारण सभामा उपस्थितिको विवरण)

२.साधारण सभाबाट बजेट तथा कार्यक्रम पास गरेको र गत आ.व.को खर्च स्वीकृत गरेको कागजात

३.सिकाइ केन्द्रमा कार्यरत परिचालकको २०८० साल श्रावण महिना देखि हालसम्मको हाजिरी अभिलेखको प्रमाणित प्रतिलिपि र निकासा भएको पारिश्रमिक तलबी भरपाई

४.आ.व.२०७९/०८० को लेखा परीक्षण प्रतिवेदन

५ आ.व.२०८०/०८१ को हालसम्मको प्रगति प्रतिवेदन

६. केन्द्र नियमित रुपमा सञ्चालन भइरहेको भनि सम्बन्धित वडाको सिफारिस पत्र

७. सिकाइ केन्द्र कुनै विद्यालय,सामुदायिक भवन, वा बहालमा सञ्चालन भएमा सोसम्बन्धी कागजात

<u>बोधार्थ</u>

श्री वडा कार्यालय, १,५,६,८,१०, ११, १२ ,१४,१५ र १९, विराटनगर महानगरपालिका:
आवश्यक सहयोग र समन्वयका लागि